puspas.com.np

# पाठ १५

# टीका

भीमनिधि तिवारी

**शब्दार्थ**

| | |
|---|---|
| खिन्न | : दु:खी, उदास |
| मुद्रा | : अनुहार |
| डिबिया | : टुकी, पानस |
| बर्ख | : वर्ष, साल |
| चचहुई | : पिङ खेल्दा खुसीले भनिने शब्द |
| बा | : सानालाई वा बुबा, हजुरबुबालाई सम्बोधन गरिने शब्द |
| डाँक | : राम्रो खबरको लच्छिन |
| पुर्ने | : पूर्णिमा |
| देश पस्नु | : विदेश जानु |
| चारकुने | : चार ओटा कुना भएको थाल |
| हंसले ठाउँ छोड्नु | : चेतना हराउनु |
| चिरञ्जीवी | : लामो समय बाँच्ने, दीर्घजीवी |
| रोटी पोल्नु | : सेलरोटी पकाउनु |
| नुनको ढिको | : नोकरी गर्दा इमानदार हुने काम |

## अभ्यास

पेज १४६

**सुनाइ**

१. **पाठका एकदेखि पाँच अनुच्छेदसम्म सुन्नुहोस् र पात्रहरू कुन विषयमा छलफल गर्दै छन्, भन्नुहोस् ।**

**उत्तर:** पाठका एकदेखि पाँच अनुच्छेदसम्म पात्रहरू दसैंको टीका, क्रमानसिंह विदेशबाट आइ नपुगेको र पिङका बारेमा कुरा गर्दै छन् ।

२. **पाठको दसौँ अनुच्छेद सुन्नुहोस् र आमैको विचार तपाईंलाई कस्तो लाग्यो, बताउनुहोस् ।**

**उत्तर:** मलाई आमैको विचार उचित लाग्यो । (लागेन पनि लेख्न सकिने) दसैं जस्तो महान् चाडमा पनि बिदा नपाउने कुरा हुन्छ ? भन्ने आमैको भनाइ युक्ति सङ्गत छ । चाडबाड मनाउनकै लागि नोकरी गर्नुपर्ने, अनेक दु:ख गर्नुपर्ने, घर छोडेर विदेश जानुपर्ने । सँगै बसेर मिठो खान र राम्रो लाउन दु:ख गरिन्छ नि । समयमा गर्न पाइएन भने त्यसको कुनै अर्थ र मूल्य हुँदैन, भन्ने आमैको भनाइमा सत्यता छ, सामाजिक मूल्य छ, वृद्धावस्थाका अनुभव छन् । त्यसैले आमैको भनाइ उपयुक्त र युक्ति सङ्गत छन् भन्ने मलाई लाग्यो ।

३. **पाठको ४६ औं अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

**उत्तर:** पाठको ४३ औं अनुच्छेद शिक्षकले भनेको सुनेर शुद्धसँग लेख ।

pupaas.com.np



**बोलाइ**

४. **तलका शब्द/शब्द समूहलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :**
**खिन्न, मुद्रा, हंसले ठाउँ छोड्नु, चिरञ्जीवी, रोटी पोल्नु**

उत्तर: खिन्न - परीक्षामा असफल भएकाले आज ऊ खिन्न छ ।
मुद्रा - विद्यालयबाट आउँदा छोरो खिन्न मुद्रामा थियो ।
हंसले ठाउँ छोड्नु - काठमाडौं गइरहेको गाडी दुर्घटनामा पऱ्यो भनेको सुन्दा मेरो त हंसले ठाउँ छोडिसकेको थियो ।
चिरञ्जीवी - दसैंमा बुबाले चिरञ्जीवि भएस् भनी मलाई आशीर्वाद दिनु भयो ।
रोटी पोल्नु - मलाई रोटी पोल्न आउँदैन ।

५. **कमानसिंहले एक दिनमा कति रुपियाँ कमाउँछ ? अहिले भए उसले कति कमाउँथे होला, भन्नुहोस् ।**

उत्तर: कमानसिंहले एक दिनमा चालिस रुपियाँ कमाउँछ र अहिले भए उसले चालिस हजार जति कमाउँथे होला ।

६. **पाठका लेखकले अहिले जस्तो लाखौं लाख नेपाली युवाहरू विदेशमा काम गर्न गएको देखेका भए यो एकाङ्कीमा भएका कुन-कुन संवादलाई कसरी परिवर्तन गर्थे होलान् ? कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।**

उत्तर: पाठका लेखकले अहिले जस्तो लाखौं लाख नेपाली युवाहरू विदेशमा काम गर्न गएको देखेका भए यस एकाङ्कीमा भएका संवादमध्ये अनुच्छेद २५,२६ र २७ का ठाउँमा पिङ खेल्ने कुराका ठाउँमा कतै घुम्न जाने अनुच्छेद, २९ लाई रोटी पोल्नेका ठाउँमा मासु भात पकाउने, अनुच्छेद ३०,३१,३२ का ठाउँमा खसी मार हान्ने प्रसङ्गलाई मन्दिर घुम्न जाने, अनुच्छेद ४१ र ४२ को घर गाउँ र काम गर्ने कुरालाई कल कारखानाका प्रसङ्गहरू संवादमा परिवर्तन गर्ने होलान् । विद्यार्थीले नमुनाका रूपमा संवाद पनि लेख्ने ।

**पढाइ**

७. **कक्षाका विद्यार्थीहरू अलग अलग पात्रमा बाँडिनुहोस् र आ-आफ्नो भागको संवाद हाउभाउसहित पढ्नुहोस् ।**

उत्तर: कक्षाका विद्यार्थीहरू यस एकाङ्कीका अलग अलग पात्रमा बाँडिने र आ-आफ्ना भागको संवाद हाउभाउ सहित पढ्ने ।

८. **पाठमा आमैले बोलेको संवाद राम्ररी पढ्नुहोस् र उनका विचार तपाईंलाई कस्तो लाग्यो, तर्कसहित आफ्नो धारणा लेख्नुहोस् ।**

उत्तर: आमैले कमान सिंह टीकाका दिन ढिलो आइपुगेकोमा जुन चिन्ता व्यक्त गरेकी छिन् त्यो उनको उमेरअनुसार उपयुक्त लाग्यो । उनले दसैं जस्तो चाडमा छोराले बिदा नपाएको प्रतिक्रियामा केही वास्तविकता भए पनि आमैका आफ्नै तर्क छन् । ती तर्कहरू केही अव्यावहारिक लाग्छन् । आमाले कमानसिंहलाई आफ्नो देशको नोकरी खोजेर काम गर्ने भनेको कुरा र यति धेरै अटाएका ठाउँमा एकजना अटाउन गाह्रो हुँदैन भन्ने उनको भनाइ ठिक लाग्यो । यस्तै आफ्नै घरको काम गर्दा सन्तोष लाग्ने र पैसाका लागि विदेश जाने होइन भन्ने कुरा पनि मलाई ठिक लाग्यो । आमैले आफ्नो घरको काम एक गाँस मात्रै खाएर पनि गर्नुपर्छ । यो सारा नेपाल आफ्नै घर त हो नि । एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ, एकथोपा पसिना चुहाएर पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ । आफ्नो घर बने पो आफूलाई सुख हुन्छ भन्ने देशभक्तिले ओतप्रोत भनाइ र व्यावहारिक अभिव्यक्ति पनि उचित लाग्यो ।

puspas.com.np



९. **पाठ पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

**(क) यो एकाङ्की कसले लेखेको हो ?**

**उत्तर:** यो एकाङ्की भीमनिधि तिवारीले लेखेको हो ।

**(ख) यस एकाङ्कीमा कति जना पात्रहरू छन् ?**

**उत्तर:** यस एकाङ्कीमा चारजना (आमै, कमानसिंह, सुन्तली र काँलु) पात्रहरू छन् ।

**(ग) किन यसपालिको दसैं नुन नहालेको जस्तो हुने भो भनेर आमैले भनेकी हुन् ?**

**उत्तर:** कमानसिंह दसैंको टीकाका दिन टीको लगाउन आइ नपुगेका कारण यसपालिको दसैं नुन नहालेको जस्तो भो भनेर आमैले भनेकी हुन् ।

**(घ) के कारणले कमानसिंहलाई घर आउन ढिलो भयो ?**

**उत्तर:** मालिकको छोरो सिकिस्त बिरामी भएका कारणले कमानसिंहलाई घर आउन ढिलो भयो ।

**(ङ) कमानसिंहकी पत्नीको नाम के हो ?**

**उत्तर:** कमानसिंहकी पत्नीको नाम सुन्तली हो ।

## लेखाइ

१०. **यस एकाङ्कीको शीर्षक 'टीका' कत्तिको ठिक छ ? तर्कसहित आफ्नो धारणा लेख्नुहोस् ।**

**उत्तर:** एकाङ्कीकार भीमनिधि तिवारीद्वारा लिखित 'टीका' देशप्रेमको भावनाले ओतप्रोत भएको चर्चित एकाङ्की हो । सांस्कृतिक उत्सवका रूपमा लिइने दसैंको टीका नेपालीहरूका लागि धार्मिक, सांस्कृतिक र आर्थिक महत्त्वको चाड हो । यसै चाडलाई केन्दबिन्दुमा राखेर विषय वस्तु प्रस्तुत गरिएकाले यस एकाङ्कीको शीर्षक 'टीका' एकदमै ठिक छ ।

घरको मुख्य पुरुष पात्र कमानसिंह अर्थोपार्जनका लागि विदेश गएको र दसैंको टीका अगावै घर आउन नसकेका बेला एउटा ग्रामीण निम्न आय भएका परिवारको अवस्था कस्तो हुन्छ भन्ने कुरालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । आमा (आमै) श्रीमती (सुन्तली) र छोरा (कालु) मात्र घरमा छोडेर परदेश गएका कमानसिंहले दसैंको समयमा घर फर्किने विचारले आउँदा आउँदै पनि समयमा आइपुग्न नसक्दा घरको अवस्था अत्यन्त दयनीय बन्न गएको छ । घर घरमा टीकाको रमाइलो, खसी काटेको, टीका लगाएको र पिङ खेलेको रमाइलोको बिचमा कमानसिंहको घर उजाड बनेको छ । नियास्रो मानेर कमानसिंहको आगमनको प्रतीक्षा गरिरहेको दहीमा मुछेका अक्षता र जमरा सुक्दै गइरहेका छन् । दिन ढल्केर रातमा परिणत भइरहेछ । बुढेसकालको एउटै सहारा नआउँदा आमाका मनमा रन्केको उदासी, चिन्तित छोरो र श्रीमतीको मनको नियास्रो मेट्न रातपरि सक्दा टुप्लुक्क आइपुग्छ कमानसिंहको घरमा बिन्ना दियोको बत्ती बल्छ । घरमा खुसीको उज्यालो चम्किन्छ । यसरी आर्थिक पक्षका साथ साथै नेपालीहरूको महान् चाड दसैंको टीकाको सन्दर्भलाई मुख्य विषयवस्तु बनाएर प्रस्तुत गरिएकाले यस एकाङ्कीको शीर्षक एकदमै ठिक छ ।

११. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

**(क) 'टीका' एकाङ्कीमा आमा र सुन्तली किन खिन्न मुद्रामा छन् ?**

**उत्तर:** 'टीका' एकाङ्कीमा आमा र सुन्तली परिवारको आशाको केन्द्र परदेशबाट दसैंको टीकाका दिन समयमै घर नआइपुगेकाले खिन्न मुद्रामा छन् । कमानसिंह आफ्नो घरको आर्थिक अवस्था कमजोर भएका कारण पैसा कमाउन परदेश गएको हुन्छ । परिवारको आशा र भरोसाको केन्द्र कमानसिंह सधैं बेलैमा घर आइपुग्थ्यो र दसैं उत्सवमय बन्थ्यो । यसपालि

pupaas.com.np

दसैंको टीकाको दिन दिनभर त के घाम अस्ताएपछि र झमक्क साँझ परुन्जेलसम्म पनि ऊ आइपुगेन । सारा गाउँ रोटेपिङ र दसैंको टीकाले उत्सवमय बनेको बेलामा कमानसिंह घर नआउँदा आमा र सुन्तली खिन्न मुद्रामा छन् ।

**(ख) 'टीका' एकाङ्कीले टीकाको सांस्कृतिक महत्त्वलाई कसरी प्रस्तुत गरेको छ ?**

**उत्तर:** 'टीका' एकाङ्कीले टीकाको सांस्कृतिक महत्त्वलाई सशक्त रूपमा प्रस्तुत गरेको छ । दसैं नेपालीहरूको सांस्कृतिक धरोहर हो । यसले पारिवारिक मिलन र सामाजिक अन्तर सम्बन्धलाई प्रगाढ बनाउने काम गर्छ । टीका नेपाली सांस्कृतिक जन आस्थाको प्रतीक हो । गरिमामय सांस्कृतिक पृष्ठभूमि भएको नेपालमा दसैंको टीकाको ठुलो महत्त्व छ । यही महत्त्वलाई बुझेका अनि काम विशेषले घर छोडी परदेश गएका नेपालीहरू जस्तोसुकै विषम परिस्थितिमा पनि बुढा/बुढी भइसकेका आमा/बुबाको हातबाट दुर्गा भवानीको प्रसादस्वरूप टीका लगाई आशीष थाप्न आ-आफ्नो घर आउने गर्छन् । यस्तो उत्सवमय अवस्थामा परदेश गएका आफन्तहरू घर आइनपुग्दा आमैजस्ता धेरै मातृहृदयहरू कमानसिंह जस्ता छोरालाई सम्झेर तड्पिन्छन् । पारिवारिक भेट, आशीर्वाद लिने र उत्सव मनाउने अनि सबैले रमाइलो गरी दु:ख बिर्सने भएकाले 'टीका' एकाङ्कीले टीकाको सांस्कृतिक महत्व नेपाली समाजमा उच्च स्थानमा रहेको छ भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

**(ग) पैसाका निम्ति विदेश गएका कमानसिंहलाई आमैले के भनेर सम्झाइन् ?**

**उत्तर:** 'टीका' एकाङ्कीमा आएका प्रमुख पात्र कमानसिंह आफ्नी आमाको अर्ती पाउनुभन्दा पहिले स्वदेशलाई भन्दा धनलाई महत्त्व दिन्थे । उनी पैसाकै निम्ति बुढी आमाले आफ्नी पत्नी सुन्तली र छोरो कालुलाई छोडेर परदेश गई मालिकका घरमा काम गर्थे । उनी नेपालमा काम नपाएर होइन, यहाँभन्दा बढी कमाउने उद्देश्यले मुग्लान भासिएका हुन् । ढिलो गरी टीकाका दिन आइपुगेका कमानसिंहलाई आमाले मातृत्वका साथै राष्ट्रियता लफ्रक्कै भिजाइदिन्छिन् र पैसाका निम्ति विदेश गएका आफ्ना छोरालाई पैसाका निम्ति मात्रै काम गर्ने होइन, आफ्नो घरको काम एक गाँस मात्र खाएर भए पनि गर्नु पर्छ । सारा नेपाल आफ्नै घर त हो नि ! एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नु पर्छ । एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ, आफ्नो घर बनेमा आफूलाई सुख हुन्छ भनेर आमाले सम्झाइन् । आमाले राष्ट्रिययताप्रति देखाएको प्रेम कर्तव्यबोध गरी कमानसिंह गाउँमै बस्ने निधो गर्छन् ।

**(घ) कमानसिंहले किन विदेश नजाने निर्णय गरे ?**

**उत्तर:** कमानसिंह पैसा कमाउनका निम्ति विदेश गएका थिए । उनीजस्ता कैयौं नेपाली ग्रामीण युवाहरू आफ्ना बुढी आमा, जवान स्वास्नी र बाँसको मुना जस्ता छोराछोरीलाई छोडी प्रत्येक वर्ष दसैंमा आउने भाखा राखेर विदेश जाने गर्छन् । कमानसिंहले सम्पूर्ण विदेश जाने नेपाली युवाहरूको प्रतिनिधित्व गरेका छन् । उनलाई आमाले पैसाका निम्ति विदेश जानु ठिक होइन, आफ्नै देशमा बसेर काम गरे मात्र सबै सुखी हुन सकिन्छ भनेर स्वदेशमै बसी काम गर्न सम्झाएपछि उनमा राष्ट्रियता र स्वदेशप्रतिको कर्तव्यबोध भएपछि उनले विदेश नजाने निधो गरे । यसरी देश र परिवारप्रतिको जिम्मेवारी बोधकै कारण कमानसिंहले विदेश नजाने निधो गरे ।

puspas.com.np

(ङ) **'टीका' एकाङ्कीले दिने सन्देश के हो ?**

**उत्तर:** एकाङ्कीकार भीमनिधि तिवारीद्वारा लिखित 'टीका' सामाजिक विषय वस्तुमा आधारित तथा सांस्कृतिक पृष्ठभूमिमा संरचित राष्ट्रिय चेतनाको भाव सञ्चार गर्ने एक चर्चित एकाङ्की रचना हो । आर्थिक विपन्नताका कारणले वा स्वदेशमा अपेक्षा गरिए अनुरूप रोजगारीका अवसर उपलब्ध हुन नसकेकाले कैयौं नेपाली युवाहरू अर्थोपार्जन गरी जीवन सुखमय बनाउने सपना बोकी विदेशतिर जाने गर्छन् । यसबाट मुलुकको युवाशक्ति खेर गइराखेको महसुस एकातिर हुन्छ भने अर्कातिर राष्ट्रको सर्वाङ्गीण विकास र प्रगतिमा बाधा पुगिरहेको छ । राष्ट्र र समुन्नतिका मेरुदण्ड मानिएका युवाहरूको शक्ति खेर जानु कदापि राम्रो होइन । यस एकाङ्कीमा कमानसिंहलाई सम्पूर्ण विदेश जाने नेपाली युवाहरूको प्रतिनिधि पात्रका रूपमा उभ्याएर आमैका माध्यमबाट कमानसिंहजस्ता युवाहरूमा राष्ट्रिय भावबोध गराउने वा राष्ट्रिय चेतना जगाउने काम गरिएको छ । यसरी यस एकाङ्कीले स्वराष्ट्रप्रति गर्नुपर्ने कर्तव्य बोधको सन्देश दिने काम गरेको छ । कमानसिंह आमाले पैसा कमाउनका निम्ति विदेश जानु ठिक होइन, स्वदेशमै बसेर काम गर्ने र पसिना चुहाउने काम गर्नुपर्छ । आफ्नो देश बने मात्र सबै सुखी होइन्छ भन्ने कुरा सम्झाएपछि कमानसिंह विदेश नजाने निधो गर्छन् । यसरी उनमा स्वदेशप्रतिको कर्तव्य जागृत भएको छ । यसरी स्वदेशप्रतिको कर्तव्य बोधको सन्देश दिने काम 'टीका' एकाङ्कीले गरेको छ ।

१२. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) **यो सारा नेपाल आफ्नै घर त हो नि ।**

**उत्तर:** प्रस्तुत सारगर्भित एवम् भावपूर्ण अभिव्यक्त एकाङ्कीकार भीमनिधि तिवारीद्वारा लिखित 'टीका' नामक एकाङ्कीबाट उद्धरण गरिएको हो । तिवारीले नाटक, एकाङ्की, कथा, कविता आदि विधाहरूमा कलम चलाएका छन् । यिनले सामाजिक, पौराणिक, ऐतिहासिक विषय वस्तुमा आधारित थुप्रै नाट्यकृतिहरूको सिर्जना गरेका छन् । यिनका नाटकमा सामाजिक जागरणका साथै देशप्रेमको भावनालाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको हुन्छ । पैसाका निम्ति परदेश गई ढिलो गरी दसैंको टीकाका दिन घर फर्किएको छोरो कमानसिंहलाई आमाले स्वदेशमै बसी काम गर्न सम्झाउने क्रममा उक्त अभिव्यक्तिलाई एकाङ्कीकारले प्रस्तुत गरेका हुन् ।

आमैका अनुसार पैसाका निम्ति मात्र काम गर्नु हुन्न, पैसालाई महत्त्व दिने हो भने स्वदेशको उन्नति हुन्न । आफ्नो घरको काम हामी एक गाँस खाएर पनि गर्छौं । पेटभरि खान नपाए पनि त्यसबेला हामीलाई सन्तोष लाग्छ । हामीले काम गर्दा सारा नेपालीलाई आफ्नै घर सम्झनुपर्छ । घरको काम गर्दा पैसा कमाउने उद्देश्यले गरिन्न । घरको काम निस्वार्थ गरिन्छ । स्वदेशलाई वा आफ्नो जन्मभूमि नेपाललाई निस्वार्थ भएर सेवा गरे मात्र देशको प्रगति र उन्नति सम्भव छ पैसा पैसाका निम्ति विदेश जाने र आफ्नो देशलाई बेवास्ता गर्ने हो भने कसैले सुख पाउँदैन । अत: नेपालीले आफ्नै घर सम्झेर देसको उन्नति र प्रगतिका निम्ति समर्पित हुनु आवश्यक छ ।

यसरी देशप्रेम र राष्ट्रिय बोधको भावलाई एकाङ्कीकारले बुढी आमैका माध्यमबाट प्रस्तुत गरेका छन् । ठेट नेपाली शब्दहरूको संयोजन र वाक्यात्मक स्तरमा प्रस्तुत गरिएको यस अभिव्यक्तिमा राष्ट्रप्रेमको भाव प्रभावकारी बन्न गएको छ । भावगत सघनता, अभिव्यक्तिगत सरलता अनि व्यञ्जनामूलक कथनका कारण राष्ट्रप्रेमको भाव सशक्त बनेको छ ।

puspas.com.np

(ख) **एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ, एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ ।**

**उत्तर:** माथिको भावपूर्ण तथा सारगर्भित भनाइ एकाङ्कीकार भीमनिधि तिवारी (१९६८-२०३०) द्वारा लिखित 'टीका' शीर्षकको एकाङ्कीबाट उद्धरण गरिएको हो । तिवारी एक बहुमुखी प्रतिभा हुन् । यिनले कथा, कविता र नाटकका क्षेत्रमा ठुलो योगदान पुऱ्याएका हुन् । सामाजिक, पौराणिक तथा ऐतिहासिक विषय वस्तु ग्रहण गरी साहित्य सिर्जना गर्ने तिवारीका नाटक तथा एकाङ्कीमा देशप्रेम, संस्कृति प्रेमका साथै राष्ट्रियताको भावलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको हुन्छ । बुढी आमा, जवान श्रीमती र तामाको मुनाजस्तो छोरालाई घरमा छोडी परदेश गएका कमानसिंह दसैँको टीकाका दिन राति मात्र घर आइपुग्दा दिक्क मानेकी आमाले पैसाका लागि देश नजान सम्झाउने क्रममा माथिको अंश प्रस्तुत गरेकी हुन् ।

आफू जन्मेको भूमि सबैलाई प्यारो लाग्छ । पैसालाई महत्त्व दिएर परदेश गए पनि र त्यहाँ स्वदेशमा भन्दा बढ्ता पैसा कमाउन सकिए पनि मानिसलाई सन्तोष हुँदैन । आफ्नै देशको हावापानी, ढुङ्गो, माटो र संस्कृति, चाडबाड अनि मेला पात नै हामी नेपालीहरूका लागि प्रिय हुन्छन् । त्यसैले उक्त अंशमा कमानसिंहकी आमाले आफ्नै देशमा बसी श्रम गर्न र आनन्दको जीवन बाँच्न छोरालाई सम्झाउँछिन् । उनका अनुसार एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ । आफ्नो भुइँ सबैको प्यारो हुने भएकाले केही काम गर्नुपऱ्यो भने पनि यहीँ पसिना बगाउन उत्तम मानिन्छ । विदेशमा बगाएको पसिना त्यसै खेर जान्छ भने स्वदेशमा बगाएको पसिना खेर जाँदैन । त्यसैले आफ्नो एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउन कमानसिंहलाई सम्झाउँछिन् । आफ्नो घर बने मात्र आफूलाई सुख हुन्छ भन्दै आमा स्वदेशको उन्नति र प्रगतिबाट मात्र सुख पाइने कुरा गर्छिन् ।

राष्ट्रियताको भावलाई सशक्त रूपमा प्रस्तुत गरिएको माथिको अंशमा मिठो र आकर्षक भाषाशैलीको प्रयोग गरिएको छ । सरलता, भावगत गहनता अनि देशप्रेमको भावले ओत प्रोत माथिको अंशमा स्वदेशप्रतिको समर्पण र त्यागको भावलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यहाँ **जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी**, को भाव अभिव्यक्त भएको चाहन्छ ।

(ग) **दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ?**

**उत्तर:** माथि दिइएको भावपूर्ण एवम् सारगर्भित अभिव्यक्ति एकाङ्कीकार भीमनिधि तिवारी (१९६८-२०३०) द्वारा लिखित 'टीका' नामक एकाङ्कीबाट उद्धरण, गरिएको छ । बहुमुखी प्रतिभाका धनी तिवारीले आधुनिक नेपाली साहित्यका क्षेत्रमा ठुलो योगदान दिएका छन् । कथा, कविता र नाटक विधाका माध्यमबाट उनले देशप्रेम, सामाजिक जागरण र राष्ट्रियताको भावनालाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । आमाले स्वदेशमै बसी श्रम गर्न र देशोन्नतिमा लाग्न सम्झाएपछि कमानसिंहले विदेश नजाने निधो गर्दै उक्त अंश प्रस्तुत गरेका हुन् ।

सकारात्मक सोच भएका कमानसिंह पैसाका निम्ति विदेश गएका हुन् । घरको एकमात्र सहाराका रूपमा देखिएका कमानसिंह दसैँको टीकाको दिन राति अबेला घर आउँदा उदास बनिसकेको परिवारमा खुसियाली भित्रिए पनि आमालाई चित्त बुझेको हुन्न । फलत:उनले परदेश नजान र स्वदेशमै बसी श्रम गर्न सम्झाएपछि छोरा कमानसिंह वृद्ध उमेरकी आमा, उमेरदार जहान र बालक छोराको निम्ति केही कमाइएला कि भनेर परदेश गए पनि अन्त्यमा नजाने निधो गर्छन् । उनी उदाहरण स्वरूप दस लोटा पानी अटाएको गाग्रोमा एक लोटा कसो नअटाउला भन्दै आफू आफ्नै देशमा बस्ने र यही श्रम गर्ने

puspas.com.np

निष्कर्षमा पुग्छन् । यहाँ गाग्रोलाई देशका रूपमा एक लोटा पानीलाई आफूमा आरोपित गर्दै दस लोटा अटाउने गाग्रोमा एक लोटा पानी पक्कै पनि अटाउन सक्छ भन्दै स्वदेशमै बसेर देशोन्नतिमा लाग्ने अठोट गर्छन् ।

कमानसिंहमा स्वदेशप्रतिको ममता जागेको छ । पैसाका निम्ति परदेश जानुको सट्टा स्वदेशमै बसेर देशोन्नतिमा लाग्ने उनको चाहना प्रशंसनीय छ । पैसाका पछि दौडने र स्वदेशलाई महत्त्व नदिने आजका युवा पुस्ताका निम्ति स्वदेशमै बसेर पनि आयआर्जन गर्न सकिने उदाहरण कमानसिंह बनेका छन् । अतः यहाँ मिठो र आकर्षक भाषाशैलीका माध्यमबाट स्वदेशप्रेमको भावलाई सशक्त रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

**१३. 'एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ' भनी नाटककार आमैलाई भनाउँछन्, के उसो भए हामीले नेपालबाहिर खुट्टै नहाल्नु भन्ने नाटककारको भनाइ हो त ? तार्किक उत्तर दिनुहोस् ।**

**उत्तर:** एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ भन्ने भनाइ आमैका मुखबाट नाटककारले आफ्नो विचार प्रवाहित गरेका छन् । उनको आशय हामीले नेपाल बाहिर खुट्टै नहाल्ने भन्ने पक्कै होइन । कमानसिंह जस्ता युवाले परदेशमा गएर गरेको श्रम त्यसै खेर गइरहेको छ । त्यस्तो श्रमलाई स्वदेशमै लगाउनुपर्छ । युवाहरूको मेहनत र ऊर्जाले मात्र स्वदेशको मुहार हँसाउन सकिन्छ । युवाहरू पैसाका निम्ति अर्काको देश जाने र उनीहरूले स्वदेशलाई बेवास्ता गर्ने हो भने हाम्रो जीवनमा कहिल्यै सुखका दिन आउँदैनन् । अतः नाटककारको भनाइ अनुसार हामीले नेपाल बाहिर खुट्टै नहाल्ने भन्ने पक्कै होइन । आजको भूमण्डीकरणको युगमा स्वदेशबाहिर नगई काम चल्दैन । तर बाहिरलाई महत्त्व दिनुको सट्टा स्वदेशको उन्नति र प्रगतिलाई ख्याल गरी युवा पुस्ताले पाइला चाल्नु आवश्यक छ भन्ने नाटककारको आशय हो ।

**१४. 'युवाहरू आफ्नै देशमा बसेर काम गर्नुपर्छ' भन्ने विषयमा एउटा संवाद तयार गर्नुहोस् ।**

**उत्तर:** (सोनाम र छिरिङ स्कुलबाट घर फर्कदै गर्दा बाटामा उनीहरूका बिच यस्तो कुराकानी हुन्छ ।)

सोनामा: ए छिरिङ, तिमी पढाइ सकेर के गर्छौ ?

छिरिङ: म त विदेशमा जाने हो, तिमी चाहिँ के गर्छौ नि ?

सोनाम: म त कतै जान्नँ, बुझिस् । आफ्नै देशमा बसेर देशको सेवा गर्ने हो ।

छिरिङ: नापिस्, देशमा बसेर के काम पाउँछस् । खेती गर्छस् भने खेत छैन व्यवसाय गर्छस् भने तँसँग सुको पैसा छैन । अनि के काम गर्छस् ?

सोनाम: मनमा इच्छा हुनुपर्छ । जहाँ इच्छा त्यहाँ उपाय । इच्छा गरेपछि त भइहाल्छ नि । अनि विदेश जान चाहिँ पैसाबिना हुन्छ कि क्या हो ?

छिरिङ: हो त, विदेश जान पनि पैसा चाहिन्छ हो कि ?

सोनाम: पैसा नभई कहाँ जान पाइन्छ त ! बरु आफ्नै देशमा बसेर सानोतिनो काम गरियो भने केही दु:ख पाए पनि आनन्द हुन्छ । तिमीलाई थाहै छ, पैसाका निम्ति विदेश गएका युवाहरूले कति दु:ख पाएर रित्तो हात फर्कनु परेको छ ।

छिरिङ: त्यसो त हो है । तिमीले भनेको पनि मलाई राम्रै लाग्यो । भन त पढाइ सकेर के गरौं त ?

सोनाम: पढाइ सकेर एउटा घरेलु उद्योग खोलौं । यसका लागि सरकारले सहुलियत दरमा पैसा दिन्छ । त्यसको सदुपयोग गरेर इमानदारिताका साथ काम गऱ्यौं भने विदेशमा जानै पर्दैन नि ।

छिरिङ: ल त्यसै गरौं । दुवैले सल्लाह गरेर काम सुरु गरौं है त ।

सोनाम: हुन्छ किन नहुनु नि ।

pustas.com.np

१५. **'टीका' एकाङ्की पढेपछि आफ्ना छोराछोरीलाई कामका लागि विदेश पठाउन हुरुक्कै हुने बाबा आमालाई तपाईं के सल्लाह दिन चाहनुहुन्छ ?**

उत्तरः 'टीका' एकाङ्की पढेपछि आफ्ना छोराछोरीलाई कामका लागि विदेश पठाउन हुरुक्कै हुने बाबा आमालाई म आफ्ना छोराछोरीलाई विदेश पठाएर तड्पीतड्पी बस्नुभन्दा स्वदेशमै उद्योगधन्दा सञ्चालन गर्न वा अरू कुनै व्यवसाय गरी जीवन निर्वाह गर्नु श्रेयस्कर हुन्छ भन्ने सल्लाह दिन्छु । विदेशमा आफ्ना छोराछोरी पठाउँदा के-के न होला भन्ने आशा पाल्नेहरू निराश भएका उदाहरण थुप्रै देखिएका छन् । विदेश पठाउँदा हुरुक्क भएर पठाउने तर त्यहाँ गएर अपाङ्ग हुने, ज्यानै जाने वा काम नपाएर तड्पिनु पर्ने अवस्था सिर्जना हुनुभन्दा आफ्ना परिवारसँग बसेर आफ्ना चाडपर्वहरूमा रमाउँदै जीवन बिताउँदा मान्छेले धेरै नै सुख र सन्तनेषको अनुभूति गर्छ । त्यसैले म आफ्ना छोराछोरीलाई कामका लागि विदेश पठाउन हुरुक्कै हुने बाबा आमालाई विदेश पठाउँदाका परिणाम विचार गरेर मात्र आफ्ना छोराछोरीलाई विदेश पठाउन सल्लाह दिन्छु ।

१६. **आफ्ना वृद्ध बुबाआमालाई वृद्धाश्रममा लैजाने तयारी गरिरहेका छोरा बुहारी र वृद्धवृद्धाको सेवा गर्नु सबैको कर्तव्य हो भन्दै वृद्धाश्रममा नपठाउन भनी सम्झाउने युवा विद्यार्थीहरूका बिचको संवाद तयार पार्नुहोस् ।**

उत्तरः (रमा र गीता कक्षा १० मा पढ्छन् । आफ्ना छिमेकी एकराजले बुबाआमालाई वृद्धाअश्रममा लैजान तयार गरिरहेको स्कुल जाँदै गर्दा उनीहरूले थाहा पाउँछन् । यसै क्रममा उनीहरूले एकराजलाई सम्झाउँछन् ।)

रमाः ए दाइ, नमस्कार, हामीले तपाईंका बारेमा के-के पो सुन्यौं त ?

एकराजः होइन, तिमीहरूले मेरा बारेमा त्यस्तो के सुन्यौ ? तुरुन्त भनिहाल ।

गीताः तपाईंले आफ्ना बुबाआमालाई वृद्धाश्रममा लैजाँदै हुनुहुन्छ रे ?

रमाः हो, मैले पनि तल्लाघरे कान्छीआमाका मुखबाट त्यही सुनें । सत्य कुरा के हो दाइ ?

एकराजः त्यस्तो केही होइन । तर ........।

गीताः तर के दाइ साँचो साँचो भन्नुहोस्,

एकराजः हामीलाई अलि फुर्सद भएन क्या ।

रमाः ए, त्यसो पो । तपाईंलाई फुर्सद भएन भनेर वृद्ध आमा बुबालाई वृद्धाश्रममा लगेर थन्क्याउने ?

गीताः तपाईं त कस्तो मान्छे हैं.?

एकराजः हैन, तिमीहरूले के भन्न खोजेका हौ ?मेरो समस्या तिमीहरूलाई के थाहा ?

रमाः राम्ररी थाहा छ दाइ, थाहा छ ।

गीताः हो दाइ, तपाईंले यदि बुबा आमालाई वृद्धाश्रममा लगेर थन्क्याउनै लाग्नु भएको हो भने यो राम्रो भएन ।

एकराजः यो मेरो समस्या हो । मैले आफ्नै समस्याको कारण बुबा आमालाई केही समय वृद्धा श्रममा लगेर राख्ने निधो गरेको हुँ ।

रमाः दाइ यो काम तपाईं पटक्कै नगर्नुहोस् । आज तपाईंको बुबाआमा बुढाबुढी हुनु भएको छ । भोलि तपाईं र भाउजू पनि त बुढाबुढी हुनुहुन्छ नि ।

गीताः हो त दाइ वृद्धवृद्धाको सेवा गर्नु हाम्रो कर्तव्य हो । तपाईंहरू नसके हामी पनि सघाऔंला । यस्तो निर्णय फिर्ता लिनुहोस् ।

रमाः हो दाइ, तपाईंले आफ्नो निर्णय फिर्ता लिनुहोस् ।

एकराजः मैले पनि रहरले त कहाँ हो र ? के गर्नु निकै गाह्रो भयो ।

रमाः गाह्रो त पक्कै भयो होला । भोलि तपाईंका बुबाआमाले वृद्धाश्रममा बस्दा दुःख पाएर विलौना गर्न थाले भने के गर्नुहुन्छ ?

एकराजः त्यो त हो । तिमीहरूले पनि सहयोग गर्छौ भने त म आफ्नो निर्णय फिर्ता लिइहाल्छु नि ।

puspas.com.np

गीता: हामी सक्दो सहयोग गर्छौं । यो हामी सबैको साझा सवाल हो । यसलाई हामीले कुनै हालतमा अघि बढ्न दिन्नौं ।

रमा: हो दाइ, हामी वचनबद्ध छौं ।

एकराज: ल, नानीहरू तिमीहरूले मेरा आँखा खोलिदियौ । तिमीहरूलाई धन्यवाद छ । (सबै आफ्नो बाटो लाग्छन् ।)

## व्याकरण

१. **तलको तालिका अध्ययन गर्नुहोस् र सबै प्रकारका कारक र विभक्तिहरू प्रयोग गरी वाक्यहरू बनाउनुहोस् :**

**कारक र विभक्ति प्रयोगको तालिका**

| कारक | | विभक्ति | | उदाहरण |
|---|---|---|---|---|
| नाम | अर्थ | नाम | चिह्न | |
| १. कर्ता | काम गर्ने | प्रथमा | ले, बाट | शान्तिले पाठ पढिन् । |
| २. कर्म | असर भोग्ने | द्वितीया | लाई, कन | जसराजले शिवराजलाई बोलाए । |
| ३. करण | कामको साधन | तृतीया | ले, बाट | अष्टमानले कैंचीले कागज काटे । |
| ४. सम्प्रदान | प्राप्त गर्ने | चतुर्थी | लाई, लागि | मैले बहिनीलाई किताब दिएँ |
| ५. अपादान | छुट्टिने | पञ्चमी | बाट, देखि | उनी घरबाट आइन् । |
| ६. - | | षष्टी | को, का, की, रो, रा, री, नो, ना, नी | भोगीको भाइ, भोगीका भाइहरू, भोगीकी बहिनी, मेरो घर, मेरा किताब, मेरी छोरी, आफ्नो नाम, आफ्ना मान्छे, आफ्नो दायित्व |
| ७. अधिकरण | आधार, | सप्तमी गन्तव्य | मा | मिलन स्कुलमा छन् । |

उत्तर **कारकको नाम**

कर्ता: रमेशले चिठी लेख्यो । गुरुबाट उपदेश पाइयो ।

कर्म: हरिले भाइलाई पिट्यो ।

कारक: उमेशले कलमले लेख्यो । म बसबाट आएँ ।
बाखो खुकुरीद्वारा काटियो ।

सम्प्रदान: आमाले जोगीलाई भिक्षा दिनुभयो ।
मैले भाइलाई कलम दिएँ ।

अपादान: गीता पोखराबाट आई । मलाई हिजोदेखि टाउको दुखेको छ ।

षष्टी: मेरो भाइ खेतमा गयो । यो रामको किताब हो ।

अधिकरण: गीता खाटमा बसेकी छ । पुसमा पानी पर्दैन ।

२. **रेखाङ्कित शब्दहरूको कारक लेख्नुहोस् :**

*धनश्याम बिहान सबेरै उठ्छन् र श्रीमती रमिलालाई उठाउँछन् । चियापानपछि उनीहरू काममा खटिन्छन् । धनश्याम खुकुरीले घाँस झार्न थाल्छन् । रमिला घाँस बटुल्दै गाईवस्तुलाई हालिदिन्छिन् । दुवै जना मिलेर खाना बनाउँछन् र छोराछोरीलाई खुवाउँछन् । त्यसपछि उनीहरू काममा खेततिर लाग्छन् ।*

**उत्तर:** रमिलालाई- कर्म कारक
उनीहरू- कर्ता कारक
खुकुरीले- करण कारक
गाई वस्तुलाई- सम्प्रदान कारक
खाना- कर्म कारक
छोरीलाई - सम्प्रदान कारक
काममा - अधिकरण कारक

pustas.com.np

**३. विभिन्न कारक र विभक्तिको प्रयोग गरी शैक्षिक भ्रमण जाँदाको वर्णन गर्नुहोस् र प्रयोग गरिएका कारक र विभक्तिलाई रेखाङ्कन गर्नुहोस् ।**

उत्तरः विद्यालयले कक्षा दसमा पढ्ने हामी पचास जनाको समूहलाई काठमाडौँको शैक्षिक भ्रमणमा लगेको थियो ।

गुरुद्वारा काठमाडौँका बारेमा धेरै कुराहरू थाहा पाइयो । गुरुले भन्नुभएका कुरा हामीले कलमले कापीमा लेख्यौँ । मेरो साथीसँग केही नभएकाले मैले उसलाई कलम र कापी दिएँ । हामी काठमाडौँबाट एक हप्ता पछि मात्र फर्कियौँ ।

## परियोजना कार्य

**पाठमा 'आको', 'बेलाँ' जस्ता बोलचालका शब्दलाई जस्ताको तस्तै प्रयोग गरिएको छ । पाठमा त्यस्ता शब्दहरू के कति छन् ? टिपोट गर्नुहोस् र तिनको लेख्य रूप पनि लेख्नुहोस् ।**

आको- आएको
बेला- बेलामा
खेल्या- खेलेको
मुखाँ- मुखमा
चाडाँ- चाडमा
चाडबाडाँ- चाडबाडमा
नहाल्या- नहालेको
छोडिसक्या- छोडिसकेको
हाल्या- हालेको
गरिराख्या- गरिराखेका
भोकाको- भोकाएको
लाग्या- लागेको
देसाँ- देशमा
नेपालाँ- नेपालमा
अटाका- अटाएका
गऱ्या- गरेको
नगाको- नगएको

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😌

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.